# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ संख्याः ९ मितिः २०७७/१२/६

## भाग-२

## विपन्न सदस्यको दिगो जिविकोपार्जनका लागि व्यवसाय स्थापनार्थ बीउपूँजी अनुदान मापदण्ड, २०७७

भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# विपन्न सदस्यको दिगो जिविकोपार्जनका लागि व्यवसाय स्थापनार्थ बीउपूँजी अनुदान मापदण्ड, २०७७

स्वीकृत मिति २०७७/१२/०६

प्रमाणिकरण मितिः २०७७/१२/०६

## १. पृष्ठभूमि :

अति विपन्न तथा श्रोतमा पहुँच नपुगेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आदिवासी /जनजाती, सिमान्तकृत वर्ग, पिछडा वर्ग, दलित, मुस्लिम समुदायको जीवनस्तरमा सुधार ल्याउने अभिप्रायले भरतपुर महानगरपालिकाले लक्षित वर्ग उत्थान, सशक्तीकरण एवं सामाजिक समावेशिकरण विपन्न समुदायका आर्थिक रुपमा विपन्न महिला र बेरोजगार युवायुवतीहरुलाई लक्षित गरी महानगरपालिकाले सञ्चालन गर्ने कृषि तथा पशुपालन एवं लघु उद्यममा आधारित सीप विकास तालिम प्राप्त गरेका विपन्न सदस्यहरुलाई दिगो जिविकोपार्जनमा टेवा पुऱ्याउन व्यवसाय स्थापनार्थ बीउपूँजी अनुदान दिने व्यवस्था गर्न वाञ्छनीय देखिएकाले विपन्न सदस्यका लागी बीउपूँजी अनुदान मापदण्ड, २०७७ तयार गरिएको छ ।

## २. उद्धेश्य :

२.१ सीप तथा व्यवसायिक विकास तालिम प्राप्त गरेका विपन्न सदस्यहरुलाई तत्काल व्यवसाय शुरुवात गर्न सहयोग गर्ने ।

२.२ लक्षित वर्गको आर्थिक सशक्तीकरण र दिगो जिविकोपार्जनमा टेवा पुऱ्याउने ।

२.३ अनुदान प्राप्त गर्ने महिलाहरुमा किनेर खाने बानीवाट बेचेर खाने बानीको विकास गराउने।

## ३. बीउपूँजी अनुदानका आधारहरु :

भरतपुर महानगरपालिकाबाट तालिमका लागि विपन्नता भएका वस्तीको पहिचान गरी सहभागितात्मक लेखाजोखा विधिबाट सम्भाव्यता अध्ययन भै छनौट भएको विषयमा तालिम प्राप्त

गरेका र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सीप बिकास तालिम प्राप्त गरेका व्यक्ति हुनुपर्ने ।सो सम्बन्धमा देहायका आधारमा अनुदान रकम उपलव्ध गराइने छ ।

३.१ अति विपन्न परिवारको सदस्य हुनुपर्ने ।

३.२ सम्बन्धित वडाको स्थायी बासिन्दा भएको हुनुपर्ने ।वडाको सिफारिस हुनुपर्ने ।

३.३ सिकेको सीपलाई व्यवसायिक रुपमा निरन्तरता दिने प्रतिबद्ध हुनुपर्ने ।

३.४ विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति यौनिक अल्पसङख्यक भएका व्यक्ति वा बेरोजगार युवा युवतीलाई प्राथमिकतामा राखिने ।

३.५ तालिमको विषय उत्पादन मुलक क्षेत्रहरु जस्तै कृषि, पशुपालन, लघु उद्यममा आधारित हुनुपर्ने ।

**४. अनुदान वितरणका प्रकृया :**

४.१ भरतपुर महानगरपालिका भित्रका विपन्नताको बाहुल्यता भएका वडाका बस्तीहरु सामाजिक विकास समितिका बैठकले छनौट गर्नेछ ।

४.२ सामूहिक रुपमा व्यवसायिक विकास गराउने लक्ष्य पुरा गर्न विभिन्न बस्तीमा रहेका २० जना लक्षित वर्गलाइ सम्बन्धित वडा प्रतिनिधीहरुको संयोजकत्वमा सहभागीहरुबाट छनौट गरिएको विषयको तालिम महानगरले सञ्चालन गर्ने

४.३ सदस्यले तालिम प्राप्त गरेको १ महिना भित्र व्यवसायका लागि आवश्यक पर्ने कच्चा पदार्थ, सामग्री तथा मातृजात खरीद गरेको हुनुपर्ने ।

४.४. सीप तथा व्यवसायिक विकास तालिम सञ्चालनकै अवधिमा सम्बन्धित वडा सदस्य मध्ये दलित महिला सदस्य वडा सदस्यको संयोजकत्वमा तालिमका सहभागीहरुबाट ४ जना रहने गरी खरिद समिति गठन गर्ने ।

४.५ खरिद समितिले सहभागिहरुको प्रारम्भिक व्यवसायिक कार्ययोजनाको आधारमा बस्तु तथा सेवा खरिद गर्नुपर्ने ।सो सम्वन्धमा सम्बन्धित विषयका प्राविधिकहरुबाट परामर्श सेवा लिन सकिने।

४.६ तालिम प्राप्त सदस्यहरुलाई व्यवसाय सञ्चालनका लागी आवश्यक पर्ने कच्चा पदार्थ, सामग्री तथा मातृजात खरिद गर्नका लागि प्रतिव्यक्ति नगद रु.१०,००० अनुदान उपलव्ध गराईने ।

४.७ लघु उद्यम सीप तथा व्यवसायिक विकास तालिम र व्यवसाय स्थापना वापत वस्तुगत अनुदान प्राप्त गर्ने सदस्यले योजना मुताविक काम नगरेमा महानगर एवम् सम्बन्धित वडा कार्यालयले वस्तुगत टेवा रोक्का राख्न सक्नेछ ।

४.८ महानगरपालिकाको सम्वन्धित शाखा र वडा कार्यालयवाट व्यवसायको नियमित अनुगमन र निरीक्षणका साथै आवश्यकता अनुसार प्राविधिक परामर्श सहयोग उपलव्ध गराइने ।

## ५. हैसियत :

५.१ यो मापदण्ड महानगर/वडा कार्यालय र सम्बन्धित टोल विकास संस्था/महिला समुह/संस्थाको साझा मार्गदर्शन हो ।यसले विपन्न तथा लक्षित वर्गको आर्थिक सशक्तीकरणका माध्यमबाट दिगो जीविको पार्जनमा टेवा पुगेको हुनेछ ।

५.२ एकपटक वस्तुगत सहयोग पाइसकेको सदस्यलाई सामान्यतया पुन: अनुदानको रकम उपलब्ध गराइने छैन, तर उत्कृष्ट व्यवसायीलाई प्रोत्साहन गर्न थप अनुदान उपलब्ध गराउन मापदण्डले कुनै वाधा पार्ने छैन ।

आज्ञाले

.......................

महेन्द्र प्रसाद पौड्याल

नि .प्रमुख प्रशासकीय अधिकृत